# इटहरी उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**इटहरी,सुनसरी**

**शिलबन्दि बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७४।१०।२६**

इटहरी उपमहानगरपालिकाको तपशिलमा उल्लेखित कार्यहरूकोलागि नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीबाट यो सूचनाको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

**शर्तहरू :**

१. बोलपत्र फारम रू १०००। (एक हजार) फिर्ता नहुने गरि तिरी यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको योजना शाखाबाट खरिद गर्नु पर्ने छ। बोलपत्र फारम खरिद गर्दा निवेदन साथ अध्यावधिक नबिकारण भएको फर्मको इजाजत पत्र, आन्तरिक राजश्व कार्यालय मु.अ.कर दर्ता भएको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न राख्नु पर्ने छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिन खरिद गर्ने ३१ औ दिन १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। दर्ता हुन आएका सिलबन्दी बोलपत्र सोही दिन ठीक २:०० बजे यसै कार्यालयमा बोलपत्रदाता वा निजहरूको प्रतिनिधीहरूको रोहवरमा खोलिनेछ। सो समयमा बोलपत्रदाता वा निजहरूको प्रतिनिधीहरूको उपस्थिति नभएपनि बोलपत्र खोल्न बाधा पर्नेछैन। उक्त दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा ती कामहरू हुनेछन ।

३. बोलपत्र पेश गर्दा कबोल अंकको २.५ प्रतिशत रकम धरौटी बापत इटहरी उपमहानगरपालिका कार्यालयको नाममा रहेको ने.बै लि. इटहरीमा रहेको धरौटी खाता चल्ती हिसाब नं. ग–३/०५९०३००००००००३००००३ नेपाल बैक लिमिटेड, इटहरीमा नगद जम्मा गरि सो को सक्कल भौचर वा मान्यता प्राप्त बैकको ४ महिना म्याद भएको बिड वण्ड सक्कलै बोलपत्र साथ संलग्न गर्नु पर्ने छ।

४. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नभएको भनी लिखितरूपमा गरेको घोषणा बोलपत्रसाथ पेश गर्नु पर्नेछ।

५. बोलपत्र पेश गर्दा शिलबन्दि खाम बाहिर कार्यालयको नाम, कार्यको बिवरण र बोलपत्रदाता फर्मको नाम, ठेगाना र छाप लागेको हुनुपर्ने छ।

६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने घटी वा बढी अंकवालालाई दिने वा नदिने सो सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

७. बोलपत्र शर्तरहीत, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको डकुमेन्टमा नै भरिएको, कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ।

८. समयमा प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त बिपरीत भएको बोलपत्रमाथि कारवाही हुनेछैन

९. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरूले कामको सम्बन्धमा राम्रोसंग बुझी दरभाउपत्र भरेको मानिनेछ।

१०. बोलपत्र भर्दा दररेट केरमेट नगरी प्रष्ट रूपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा दररेट भरेको फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

११. बोलपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को भोलि पल्ट सो कार्यहरू हुनेछ।

१२. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको योजना शाखामा सम्पर्क राखी बुझ्न सकिने छ।

१३. बोलपत्रमा दर रेट उल्लेख गर्दा भ्याट बाहेकको मुल्य उल्लेख गर्नु पर्नेछ।

१४. बोलपत्रदाताले कुनै पनि नक्कली कागजात पेश गरेको पाइएमा निज बोलपत्रदाताको दरभाउपत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

१५. नियमानुसार नेपाल सरकारलाई लगायत अन्य लाग्ने कर दस्तुर आदि सम्पुर्ण बोलपत्रदाता फर्मले स्वयं वेहोर्नु पर्ने छ।

१६. एक फर्मको नाममा खरिद भएको बोलपत्र फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१७. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन २०६३ एवं नेपाल सरकारको प्रचलित कानुन अनुसार हुने छ।

| सि.नं. | बोलपत्र नं. | आयोजनाको नाम | स्थान | ल.ई. मु.अ.कर बाहेक |
|---|---|---|---|---|
| १ | १/२०७४/०७५ | कालोपत्रे सडक मर्मत कार्य | तालतलैया सडक इटहरी ३ | रू.७६०९०९०।७६ |
| २ | २/२०७४/०७५ | सडक कालोपत्रे कार्य | कान्छी चौक नमुना टोल बडहरा डकाह रोड इटहरी १८ | रू.४१८२२३५।५३ |
| ३ | ३/२०७४/०७५ | कालोपत्रे सडक मर्मत कार्य | आमा सपिङ्ग सेन्टर देखि बि.पि.चौक सम्मको सडक इटहरी ६ | रू.४०४४४०८।९१ |
| ४ | ४/२०७४/०७५ | कालोपत्रे सडक मर्मत कार्य | तालतलैया सडक(तुलशीलाल मार्ग) इटहरी ४ | रू.२२६३०११।५५ |
| ५ | ५/२०७४/०७५ | सडक कालोपत्रे कार्य | जय लक्ष्मी मार्ग इटहरी १७ | रू.२०९३८०८।२१ |
| ६ | ६/२०७४/०७५ | आर.सि.सि. सडक निर्माण कार्य | बसपार्क प्रवेश दोश्रो सडक इटहरी ९ | रू.१८६६९७४।३९ |
| ७ | ७/२०७४/०७५ | कालोपत्रे सडक मर्मत कार्य | पासाङ्ग मार्ग इटहरी २ | रू.१२३३९४७३४ |

प्रमुख प्रशासकिय अधिकृत
इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

नि० प्रमुख प्रशासकीय अधिकृत